अनुसूची – १

## लगानी सम्बन्धी सूचना

यस बैंकको उपदान तथा पेन्सन कोषमा रहेको रकम लगानी गर्नु परेकोले यस बैंकबाट इजाजत पत्र प्राप्त देहाय बमोजिमका शर्तहरु पूरा गरेका बैंक तथा वित्तीय संस्थाबाट देहाय बमोजिमको सीमाभित्र रही आफूले लिन चाहेको रकम तथा उक्त रकम लिनका लागि प्रस्ताव गरिएको ब्याजदर समेत यस बैंकले तोकेको सिलबन्दी प्रस्ताव सम्बन्धी फारम् (अनुसूची-२) भरी कुल लगानी योग्य रकम मध्ये मिति २०७८/०२/०२ गतेदेखि २०७९/०२/०२ गते सम्म ३६६ दिनको मुद्दती निक्षेपको रुपमा लिन चाहेको रकम खोली यस बैंकमा मिति २०७८/०१/१५ गते ४:०० बजेभित्र नेपाल राष्ट्र बैंक वित्त व्यवस्थापन विभाग, अवकाश कोष इकाईमा पेश गर्न आह्वान गरिएको छ ।

| बैंक तथा वित्तीय संस्था | रकम |
|---|---|
| "ग" वर्गका राष्ट्रिय स्तरका वित्त कम्पनीमा | १३,०००,०००।०० |
| "ख" वर्गका राष्ट्रिय स्तरका विकास बैंकमा | ३९,०००,०००।०० |
| "क" वर्गका वाणिज्य बैंकमा | २०८,०००,०००।०० |
| कुल रकम | २६०,०००,०००।०० |

लगानी योग्य रकम रु. २६०,०००,०००।०० (अक्षरेपि छब्बिस करोड मात्र ।) रहेको छ ।

**शर्तहरु :**

क) बैंक तथा वित्तीय संस्था सञ्चालनमा आएको कम्तिमा २ वर्ष पूरा गरेको ।

ख) बैंकबाट तोकिएको न्यूनतम पुँजीकोष कायम रहेको ।

ग) निष्कृय कर्जा कुल कर्जा सापटीको ५ प्रतिशत भन्दा कम रहेको ।

घ) खुद तरल सम्पत्ति स्वदेशी निक्षेपको कम्तीमा २० प्रतिशत वा सो भन्दा बढी रहेको ।

ङ) कर्जा/स्वदेशी निक्षेप र प्राथमिक पुँजी अनुपात बैंकले समय समयमा निर्धारण गरेको सीमा भित्र रहेको ।

च) निकटतम अघिल्लो आर्थिक वर्षमा सञ्चालन मुनाफामा रहेको ।

छ) रियल स्टेट कर्जा बैंकबाट तोकिएको सीमा भन्दा बढी नभएको ।

ज) लगानी गरिने संस्थाको कुनै पनि सञ्चालक वा प्रमुख कार्यकारी अधिकृतलाई बैंकले जरिवाना गरेको अवस्थामा त्यस्तो जरिवाना गरिएका सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत उक्त संस्थामा कायम नरहेको । यदि, कायम नै रहेको अवस्था रहेमा जरिवाना भुक्तान गरेको मितिले ६ महिना समय अवधि पूरा भएको ।

झ) शीघ्र सुधारात्मक कारवाहीमा परेको भए, फुकुवा भएको कम्तिमा ६ महिना पूरा भएको ।

ञ) नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ बमोजिमको कारवाहीमा परी समस्याग्रस्त घोषणा नभएको । समस्याग्रस्त घोषणा भएमा सो फुकुवा भएको ६ महिना अवधि पूरा भएको ।

ट) सर्वसाधारणको लागि छुट्याइएको शेयर जारी गरिसकेको ।

ठ) प्रस्ताव गरेको ब्याजदर माथि उल्लिखित लगानी गरिने मितिसम्म मान्य हुनेछ । त्यस बैंक/विकास बैंक/वित्तीय संस्थाको ब्याजदर परिवर्तन सम्बन्धी सार्वजनिक सूचनाले प्रस्तावित ब्याजदरलाई कुनै असर पारेको मानिने छैन ।

ड) प्रस्ताव पेश गर्दा **"नेपाल राष्ट्र बैंक, वित्त व्यवस्थापन विभाग, अवकाश कोष इकाई"** लाई सम्बोधन गर्नुका साथै खामको शिरानमा **"उपदान तथा पेन्सन कोष"** लगानीको ब्याजदर सम्बन्धी प्रस्ताव पत्र" भनी अनिवार्य उल्लेख गर्नु पर्नेछ ।

मिति : २०७८/०१/१३ ।

नेपाल राष्ट्र बैंक
वित्त व्यवस्थापन विभाग
अवकाश कोष इकाइ
वालुवाटार, काठमाण्डौ ।

अनुसूची – २

श्रीमान् कार्यकारी निर्देशकज्यू,
नेपाल राष्ट्र बैंक
वित्त व्यवस्थापन विभाग
वालुवाटार, काठमाण्डौ ।

बिषय : सिलबन्दी प्रस्ताव सम्बन्धी फारम ।

महोदय,

त्यस बैंकको विभिन्न कोषहरुमा रहेको रकम बैंक तथा वित्तीय संस्थामा लगानी गर्ने सम्बन्धमा तँहाबाट मिति २०७८/०१/१३ मा भएको आह्वान बमोजिम तपसिलमा उल्लिखित सबै शर्तहरु यस बैंक/ विकास बैंक /वित्त कम्पनीले पूरा गरेको घोषणा गर्दै देहायको तालिकामा उल्लेख भए बमोजिमको ब्याजदरमा रकम लिन इच्छुक भएकोले सोही प्रयोजनका लागि यो सिलबन्दी प्रस्ताव पेश गरका छौं ।

| क्र.सं. | प्रस्तावित ब्याजदर | अवधि | लिन चाहेको रकम (रु.लाखमा) | |
|---|---|---|---|---|
| | | | न्यूनतम | अधिकतम |
| | | | ५० | |

( अक्षरेपी ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...)

२०..... साल ....................महिनाको वित्तीय सूचकाङ्क यस प्रकार रहेको छ ।

| क्र.सं. | विवरण | वित्तीय सूचकाङ्क |
|---|---|---|
| १ | पुंजीकोष % | |
| २ | निष्कृय कर्जा % | |
| ३ | खुद तरल सम्पत्ति/स्वदेशी निक्षेप % | |
| ४ | कर्जा/स्वदेशी निक्षेप तथा प्राथमिक पुंजि अनुपात % | |
| ५ | रियल स्टेट कर्जा/कुल कर्जा % | |
| ६ | सर्वसाधारणको कुल निक्षेप (रु.) | |
| ७ | चुक्ता पुंजी (रु.) | |
| ८ | नेपाल राष्ट्र बैंकको बैंकिङः कार्यालयमा रहेको खाता नं. | |

संस्थाको आधिकारिक पदाधिकारीको ,

दस्तखत :
नाम :
पद :
संस्थाको नाम :
संस्थाको छाप :

संस्थाको ठेगाना :
इमेल :
फोन नं :
मिति :